आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
मितिः २७ जुलाई २०२४
समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. दार्जीलिङ पहाड़,तराई डुर्वस मा गोरामुमो , गोजमुमो ,बीजेपीएम ,हाम्रो पार्टीद्वारा ३८ औं शहीद दिवस पालन।

२. अब उसो जीटिए परामर्श बिना कालेबुङ र दार्जीलिङका जिल्ला शासकहरूले पश्चिम बंगाल सरकारको जमीन हो भन्दै बोर्डहरू नलगाउने तथा लगाएका बोर्डहरू हटाईने।

३. प्रधानमंत्री नरेन्द्र मोदीको अध्यखातामा नीति आयेगको नवम् प्रशासनिक परिषदको बैठक सम्पन्न। मुख्यमंत्री ममता व्यानर्जीले बैठक छोड़ेर बीचमै बाहिरिनु भयो।

४. प्रधानमंत्री नरेन्द्र मोदीले आकाशवाणीको मन की बात कार्यक्रमा भोली देशवासीहरूसित आफ्नो विचार साझा गनु हुनेछ।

५. पेरिस ओलम्पिक आज देखि शुरू भएको छ। ११७ सदस्यीय भारतीय दलले प्रतिस्पर्धा गर्दैछ।

**शहीद दिवस**

दार्जीलिङ पहाड़, तराई, डुर्वसमा आज गोरखा जनमुक्ति मोर्चा, गोरखा राष्ट्रिय मुक्ति मोर्चा तथा जीटिए मा सत्तारूढ़ दल सभारतीय गोरखा प्रजातान्त्रिक मोर्चाले शहीद दिवस पालन गऱ्यो। मुख समारोह दार्जीलिङ, चौरस्ता र खरसांगमा आयेजित गरियसो। कालेबुङ, सिलगड़ी तथा डुर्वसका विभिन्न भागहरूमा शहीद दिवस पालन गरियो। दार्जीलिङको भानुभवनमा गोरखा प्रजातान्त्रिक मोर्चा, ब्रान्च कमिटिले शहीद दिवस पालन गर्दै गोरखाल्याण्ड आन्दोलनमा शहीद हुनहरूलाई नमन गर्दै श्रदाजंली अर्पित गऱ्यो। जीजेएममए र बीजेपीएम ले मुख्य समारोह खरसांगमा छुट्टा छुट्टै स्थानमा आयेजित गरेको थियो। जीटिए प्रमुख कार्यपाल तथा बीजेपीएम अध्यक्ष अनित थापाले टि.भी टावर नजिक ईगल्सस क्रयाग स्थित शहीद वेदीमा माल्यार्पण गर्दै श्याहीदहरूलाई श्रदासुमन अर्पित गरे। यस अवसरमा टिएमसी का लोकसभा उम्मेद्वार गोपाल लामा सहित खरसांग महकुमाका जीटिए पर्ष्रदहरू र नगरपालिका अध्यक्ष , वार्ड पार्षदहरू र पार्टीका नेताहरू उपस्थित थिए। त्यहाँ सर्वधर्म प्रार्थना पश्चात भूतपूर्व सैनिकहरूले बिगुलमा वीरगति घोष गरी श्रदाजंली अर्पित गरे। त्यस पश्चात नयाँ बजार स्थित सामुदायिक भवनमा आमसभा राखियो। कविता वाचन आदिद्वारा वीर शहीदहरूलाई श्रदाजंली अप्रित गरियो। अर्कोतिर खरसांगमा नै गोरखा जनमुक्ति र्मोले पार्क लोकेशन टाउन हलमा शहीद दिवस पालन गऱ्यो जसमा पार्टीका अध्यक्ष विमल गुरूङ , महासचिव रोशन गगरी, दार्जीलिङ लोकसभा सांसद राजु विष्ट सहित पार्टीका स्थानीय नेताहरूले शहीदहरूलाई श्रदाजंली अर्पित गरे। यस अवसरमा रक्तान शिविरको पनि आयेजन गरिएको थियो। हाम्रो पीले आज दार्जीलिङ शहरमा दिउँसो १२ बजे देखि १ बजेसम्म दोकानहरू बन्द गर्ने आव्हान गरेको थियो जसलाई आम मानिसहरूले अस्वीकार गरिदिए। गोरखा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिंगले ५ अप्रेल २०२५ सम्म बीजेपी सरकारले गोरखाल्याण्ड नदिए अर्कै पदक्षेप लिने चेतावनी दिएको छन्। पार्टीद्वारा मिरिकमा आयेजित यशहदी दिवसमा बोल्दै मन घिसिंगले भने– गोरखाल्याण्ड नहुन्जेल अब उसो पार्टीको झण्डाको साटो कालोझण्डा वा कालो ब्याच लगाएर आन्दोलन गरिनेछ। गोरखाहरूको स्थायी राजनीतिक समाधाननभए सम्म सबै दलहरूले पार्टीको झण्डा त्यागी कालो झण्डा र कालो ब्याच मुनि आन्दोलन जारी राख्ने आवहान गरे स्मरण रहोस आज कै दिन सुभाष घिसिङको नेतृत्वमा १९८६ मा शुरू भएको आन्दोलन कैंयन आन्दोलनकारीहरूको पुलिस फायरिंगमा ज्यान गएको थियो। आजको यो शहीद दिवस ३८औं शहीद दिवस हो।

****** ० ******

## Gta LAND CONTROVERSY

आजदेखी जिल्ला प्रशासनले जमिनको स्वामित्वको बोर्डहरु नलगाउने भएको छ। आज गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन अनि दार्जीलिङ र कालेबुङ जिल्लाशासकहरुमाझ एक उच्चस्तरीय बैठक सम्पन्न भयो। यस बैठकमा आजदेखी उता जिल्ला प्रशासनले

कुनै पनि जमिनको स्वामित्वको बोर्डहरु नलगाउने अनि लगाइसकेका बोर्डहरु पनि हटाउने भएको छ। सरकारी जमिन चिन्हित गर्न ग्राम पञ्चायत, पञ्चायत समिती अनि सभासदहरुलाई लिएर सम्बन्धित खण्ड विकास अधिकारीहरु बसेर एउटा योजना तयार गर्ने भएको छ।अवोप्रान्त गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको क्षेत्रभित्र गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनसित तालमेल राखेर मात्र कुनै पनि सरकारी कार्य अघि बढाउने निर्णय भएको छ।

****** ० ******

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी आज राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा आयोजित नीति आयोगको नवौ गवर्निङ काउन्सिलको बैठकलाई बीचैमा छोड़ेर बाहिर निस्किनु भएको छ । उहाँले बंगालको निम्ति फण्ड माग्दा माइक बन्द गरिदिएको आरोप लगाउनु भएको छ । बैठकमा राज्यहरू र केन्द्र शासित प्रदेशहरूका मुख्यमन्त्री र उपराज्यपालए पदेन सदस्य र विशेष आमन्त्रित सदस्यको रूपमा केन्द्रिय मन्त्री र नीति आयोगका उपाध्यक्ष र सदस्यहरु सामेल छन्।मुख्यमन्त्री ममता ब्यानर्जीले मीडियासित कुरा गर्दै भन्नुभयो कि उहाले बैठक छोडेर आउनु भएको छ। चन्द्रबाबू नायडूलाई बोल्नका लागि २० मिनट दिइयोए असमए गोवाए छत्तीसगढ़का मुख्यमन्त्रीले १०.१२ मिनटसम्म आफ्नो कुरा राखे तर उहालाई केवल पाँच मिनटपछि नै बोल्नदेखि रोकियो। यो अनुचित हो।

****** ० ******

## CPI(M)-Congress

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीको नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा हुने नीति आयोगको बैठकमा सामेल रहने निर्णयलाई लिएर सीपीआई-एम र कंग्रेसको राज्य एकाईले कड़ा प्रतिक्रिया दिएको छ। सीपाई-एमका राज्यसभा सदस्य औ कलकत्ता उच्च न्यायलयका वरिष्ठ अधिवक्ता विकास रञ्जन भट्टचार्यले भनेए यसले एकपल्ट फेरि साबित गर्दछ कि तृणमूल कंग्रेस भाजपाको गुप्त एजेन्ट हो।
उनले भनेए ष्जब सबै गैर-भाजपाशासित राज्यहरूका मुख्यमन्त्रीहरूले बैठकदेखि टाड़ा बस्ने निर्णय लिसकेका छन् भने सुश्री ममता ब्यनर्जी अपवादको रूपमा अघि आएकी छन्। अतीतमा पनि उनले भाजपाप्रति आफ्नो कमजोरी जाहेर गरिसकेकी छन्। उनले पहिला भाजपालाई आफ्नो स्वभाविक सहयोगी बताएकी थिइन्। त्यसैले यो उनको लागि कुनै नयाँ कुरा होइन।ष
राज्य कंग्रेसका नेता मनोज भट्टचार्यले पनि सीपीआई-एम नेताको कुरालाई समर्थन गर्दै भनेए विपक्षी इण्डी गठबन्धन गठन भएपछि जसमा तृणमूल पनि आधिकारिक रूपमा सामेल छए सुश्री ब्यनर्जीले त्यहाँ विभाजन सृजना गर्ने चेष्टा गरिरहेकी छन्। उनले भनेए ष्उनले यी सबै कुरा भाजपालाई अप्रत्यक्ष रूपमा लाभ पुऱ्याउनको लागि गरेकी हुन्।

****** ० ******

**प्रशासनिक बैठक**

प्रधानमंत्री नरेन्द्र मोदीले विकसित भारत २०४७ प्रत्येक भारतीयको महत्वकांक्षा रहेको बताउनु भएको छ। नीति आयोगको नवौं प्रशासनिक परिषदको बैठकलाई संबोधन गर्ने क्रममा प्रधानमंत्रीले सरकार सीधै जनमानससंग , जोड़िएको कारणले गर्दा विकसित भारत २०४७ को सपना सजिलै साकार हुने भन्नु भएको छ। श्री मोदीले यो दशक प्रौध्योगिकी अनि भू–राजनीति अनि अवसरहरूको लागि परिवर्तनको दशक भएको बताउनुभयो श्री मोदीले भन्नुभयो कि दश सहिी दिशामा अघि बढिरहेको साथै देशवासीमा पूरा उत्साह अनि विश्वास रहेको बताउनुभयो। आज भएको नीति आयोगको नवों प्रशासनिक परिषदको बैठकले विकसित भारत २०४७ दृष्टिपत्रको प्रस्तावको पत्रमाथि चर्चा भयो।

****** ० ******

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले भोली आइतबार बिहान 11 बजे देखिआकाशवाणीको वन की बात कार्यक्रममा आफ्ना विचारहरूदेशवासीहरूलाई साझा गर्नु हुनेछ। यो उहाँको 112 औं मन कीबात संस्करण हुनेछ। तेस्रो पल्ट प्रधानमंत्री बने पछि

श्रीमोदीको यो दोस्रो मन की बात कार्यक्रम हो। यो कार्यक्रमआकाशवाणी र दुरदर्शनका सबै नेटवर्कहरूमा तथा AIR Newsebsite र newsonair mobile app मा सोझो प्रसारित गरिनेछ। यस उपरान्त AIR News, DD News, PMO रसुचना तथा प्रसारण मंत्रालयको YouTube channel-हरूमापनि live-streaming गरिनेछ। हिन्दीमा प्रसारणको लगतैपछि आकाशवाणीले विभिन्न भाषामा यसको अनुवाद प्रारणगर्नेछ।

****** ० ******

**शुभेन्दु अधिकारी**

पश्चिम बंगाल विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीले आज मुख्यमन्त्री ममता ब्यनर्जीको त्यस दाबीलाई खण्डन गर्नुभएको छ जसमा मुख्यमन्त्रीले केन्द्र सरकारमाथि राज्य सरकारलाई उसको बाँकी राशिदेखि वञ्चित गरेको आरोप लगाउनु भएको थियो ।

श्री अधिकारीले एक बयानमा भन्नुभयो "राज्यको बजेट दस्तावेजहरूको आँकड़ाले बताउँछ, वर्ष 2018-19 देखि वर्ष 2023-24 सम्म राज्यलाई प्राप्त हुने कुल केन्द्रिय फण्डिंग राज्यको आफ्नो राजस्वभन्दा लगभग 31 प्रतिशत अधिक रहेको छ।"श्री अधिकारीले प्रत्यक्ष कर संग्रहणको क्षेत्रमा राज्यको प्रदर्शनलाई पनि उजागार गर्नुभयो उहाले बताउनुभए अनुसार वित्तीय वर्ष 2022-23 को अवधिमा पश्चिम बंगालबाट प्रत्यक्ष कर संग्रहण केवल 56323.21 करोड़ रुपियाँ थियो जुन राष्ट्रिय संग्रहण आँकड़ा 16 लाख 26 हजार 927.63 करोड़ रुपियाँको 3.46 प्रतिशत हो। उहाले दाबी गरे अनुसार , राज्यको अर्थव्यवस्था मुख्यमन्त्रीको कारणले संकटमा परेको छ। केन्द्र सरकारले पश्चिम बंगाललाई वित्तीय संकटदेखि बाहिर निकाल्नको लागि हरेक आवश्यक कार्य गरिरहेको छ।

****** ० ******

**पेरिस ओलम्पिकको**

पेरिस ओलम्पिकको पहिलो दिन आज सबैको नजर सुटिङमाहुनेछ। १० मिटर एयर राइफल मिश्रित टोलीको छनोटमाइलाभेनिल भलारिभान र सन्दीप सिंह र रमिता जिन्दल रअर्जुन बाबुताले दिउँसो १२ः३० बजे प्रतिस्पर्धा गरे। त्यसपछिदिउँसो २ बजे पुरुष १० मिटर एयर पिस्टलमा अर्जुनसिंहचीमा र सरबजोत सिंहले प्रतिस्पर्धा गरे। मनु भाकेर र रिदमसाङ्वानले १० मिटर एयर पिस्टल महिला छनोटमा अपरान्ह ४ बजे अभियान शुरू गर्नेछन्।

****** ० ******